नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
आश्विन/कार्तिक २०७४ (October 2017) वर्ष २१/अङ्क २४७

## परमेश्वरमा विश्राम

- पाष्टर राजेन्द्र रोंगोंग

आदम पछिका मानिसहरूले पनि दुष्टता त्यागेनन् । "पृथ्वीमा मानिसहरूको दुष्टता बढी भएको र तिनीहरूका विचारको जुनसुकै पनि भावना खराबै मात्र भएको परमेश्वरले देख्नुभयो ..."

मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो र उहाँ साह्रै दुखित हुनुभयो । त्यसकारण परमप्रभुले भन्नुभयो, "मैले सृष्टि गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिन्छु ... तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो (उत्पत्ति ६:५-८) ।" नोआ "आफ्नो पुस्तामा धार्मिक मानिस थिए । तिनी परमेश्वरको साथै हिँड्ने गर्थे (उत्पत्ति ६:९) ।" नोआकै कारण परमेश्वरले सबै मानिसलाई नाश गर्न चाहनुभएन । नोआका परिवार साथै सबै जीवित प्राणीमध्ये हरेक जातका पशुपंक्षी र जमीनमा घस्रने सबै थरीका दुई-दुईवटा (भाले र पोथी) "अटाउने जहाज बनाउन परमेश्वरले नोआलाई अह्राउनुभयो । परमेश्वरले जहाजको नक्शा पनि दिनुभयो ।" नोआले साना तिना काठका कामहरू गरे होलान् तर यस्तो विशाल निर्माण कार्य उनको निमित्त कठिन मात्र होइन असम्भव नै थियो । सायद उनले सो कुरा आफ्नो परिवारमा बताए । शुरूमा उनीहरूले विश्वासै गर्न सकेनन् तर आफ्ना श्रीमान्, बुवा तथा ससुराको विश्वास देखे । सुखा मरुभूमिमा जहाज बनाउन अति नै अनौठो कुरा थियो तर परिवार सबै काममा लागे । टाढा नजीकका छिमेकहरू आएर प्रश्न गरे होलान् र ठट्टामा उडाए होलान् तर उनीहरूले आफ्ना श्रीमान्, बुवालाई सघाइरहे । उत्पत्ति ६:२२ अनुसार "परमेश्वरले नोआलाई आज्ञा गर्नुभएबमोजिम तिनले सबै गरे ।" उत्पत्ति ७:५ मा यो कुरा दोहोरिएको छ, "तब परमप्रभुले तिनलाई हुकुम गर्नुभएबमोजिम नोआले सबै गरे ।" एउटै कुरा दोहोऱ्याउनुको अर्थ परमेश्वरले आज्ञा गर्नुभएको काम पूरा भयो ।

यसै सन्दर्भमा गएको वर्षतिर नोआको जहाजको भग्नावशेष यूरोपीय राष्ट्र टर्कीमा फेला परेको समाचार प्रकाशन भएको थियो ।

नोआ आफूले यो काम गर्न सकेका होइनन्, उनी आफ्ना पुस्तामा "धर्मी र निर्दोष मानिस थिए र परमेश्वरमाथि भरोसा गर्थे" अर्थात् उनी ठूला काम देखेर आत्तिएनन् तर उनले परमेश्वरमा विश्राम गरे । उनले परमेश्वरमाथि विश्राम गरे अनि परमेश्वरले उनलाई काम गर्ने ज्ञान र शक्ति दिनुभयो ।

परमेश्वरमाथि विश्राम गर्ने अरू केहीमध्ये योसेफ याकूबका एघारौं छोरो थिए । बुढेसकालको छोरो भएकोले याकूब उनलाई अरू छोराहरूभन्दा बढी प्रेम गर्थे । त्यसैले उनका दाजुहरूले उनलाई मन पराउँदैनन् थिए । उनले दुईवटा सपना देखे (हेर्नुहोस् उत्पत्ति ३७ अध्याय) जसका कारण उनका दाजुहरू असाध्यै चिढिए । तिनको दोश्रो सपनामा बाबुआमासमेतले उनलाई ढोगेका कुरा थियो । यसका कारण उनका दाजुहरू अति नै रिसाए तर उनका बाबु याकूबले "... यी कुरा मनैमा राखे (उत्पत्ति ३७:११) ।"

एकपल्ट योसेफका दाजुहरू बगाल चराउन शकेममा गएका थिए । याकूबले योसेफलाई दाजुहरूकहाँ पठाए । उनका दाजुहरूले उनलाई मन पराउँदैनन् भन्ने थाहा थियो । तर पनि उनका बाबुले तिनलाई बोलाउनु भई आफ्नो दाजुहरूकहाँ पठाउँदा नाइनास्ति गरेनन् । तर उनले भने "म तयार छु" र "उनी गए" । जब दाजुहरूले उनलाई देखे तिनीहरूले उनलाई पहिले मार्ने विचार गरे तर जेठो दाजु रूबेनको कारण त्यसो गरेनन् र खाडलमा हाले । उनीहरूले खाजा खाइरहेको बेलामा त्यही बाटो भएर मिद्यानी व्यापारीहरू जाँदै गरेका देखेर भाइ योसेफको विनय क्रन्दनको वास्तै नगरी बीस सिक्कामा तिनलाई कमारोको रूपमा बेचिदिए । मिद्यानीहरूले उनलाई मिश्री राजाका अंगरक्षक पोतिफरकहाँ बेचे ।

उत्पत्ति ३९:२ मा लेखिएअनुसार "परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो ... ।" अर्थात् उनले परमेश्वरमाथि विश्वास गर्थे र उहाँमाथि पूर्ण विश्राम गर्थे । यही विश्रामको कारण परमेश्वरले उनको हरेक काममा आशिष् दिनुभयो । उनका मालिकले योसेफलाई आफ्नो घरको मुख्य कारिन्दा बनाए । उनी सुन्दर थिए । उनकी मालिकनीको कुदृष्टि उनीमाथि थियो । उनलाई परीक्षा गर्दा उनको उत्तर यो थियो, "... कसरी यस्तो घोर दुष्ट काम गरेर मैले परमेश्वरको विरुद्धमा पाप गर्नु ? (उत्पत्ति ३९:९)" एक दिन मालिकनीले मौका छोपी, उनलाई परीक्षा गर्न खोजिन् । उनी आफ्नो खाष्टो मालिकनीले समातेर राखेको अवस्थामा त्यतिकै छोडेर भागे । उनले आफ्नो पतिलाई योसेफको विरुद्ध उजुर गरिन् । पोतिफोरले कारणै नबुझी योसेफलाई झ्यालखानामा हालिदिए । योसेफलाई झ्यालखानामा राखियो । उनले बिना प्रतिवाद झ्यालखानाको सजाय भोग्न तयार भए । तर त्यहाँ पनि परमेश्वरको निगाह उनीमाथि थियो । "तर परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो, उहाँले उनीमाथि टिठाउनुभयो अनि झ्यालखानाका हाकिमको निगाह पात्र बनाउनुभयो (उत्पत्ति ३९:२१) ।" यसको रहस्य थियो योसेफले परमेश्वरमाथि विश्राम लिन जानेका थिए र निरन्तर विश्राम लिन्थे ।

झ्यालखानामा पनि बिना गनगन सबैको सेवा गर्थे यहाँसम्म कि झ्यालखानाका हाकिमले सबै बन्दीहरूलाई उनको जिम्मामा दिए । यही क्रममा एकपल्ट राजाका मुख्य पियाउने र मुख्य पकाउने पनि झ्यालखानामा बन्दीको रूपमा आए । उनीहरूले विभिन्न अर्थ भएको सपना देखे । योसेफले सो सपनाको अर्थ बताइदिए । त्यसपछिको घटनाक्रम त्यसैअनुसार भयो । मुख्य पियाउनेले

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| आश्विन २८<br>October 14 | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | एल्डर<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>गोपाल शर्मा | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>सिमोन खालिङ | एल्डर<br>घन श्याम दाहाल |
| कार्तिक ४<br>October 21 | श्री<br>लेखनाथ पौडेल | डीकन<br>राजु तामाङ्ग | एल्डर<br>सुरेश पुर्कोटी | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>रूबेन श्रेष्ठ | एल्डर<br>सीता गुरूङ्ग | श्री<br>पुरुषोत्तम न्यौपाने |
| कार्तिक ११<br>October 28 | श्री<br>विष्णु देउला | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>अर्जुन ढकाल | पाष्टर<br>रोबर्ट कार्थक | श्री<br>सुक राम तामाङ्ग | डीकन<br>रूद्र राई | संयुक्त सेवा<br>ललितपुर चर्च |
| कार्तिक १८<br>November 4 | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>राजेन्द्र रोंगोंग | एल्डर<br>श्रीलक्ष्मी सैंजु | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

आफ्नो जागिर पुनः पाए, र पकाउने नोकरलाई झुण्ड्याइयो । दुई वर्षपछि मिश्रका राजा फारोले पनि सपना देखे । सपनाको अर्थ भेटिएन तर मुख्य पियाउनेले योसेफलाई सम्झे र फारोलाई उनको सिफारिस गरे । योसेफ फारोको अघि पुगे र जब फारोले "सपनाको अर्थ तैंले खोल्न सक्छस् रे" भनेकोमा योसेफले भने, "यस्तो ज्ञान त ममा छैन तर परमेश्वरले फारोलाई यथार्थ उत्तर दिनुहुन्छ (उत्पत्ति ४१:१६) ।" योसेफ परमेश्वरमाथि पूर्ण रूपले विश्वास गर्थे अर्थात् पूर्ण रूपमा उनी परमेश्वरमा विश्राम गर्थे । यसैको आधारमा नै योसेफले फारोको सपनाको अर्थ खोले । योसेफको जीवनमा ठूलो परिवर्तन आयो । योसेफको विषयमा फारोको यस्तो साक्षी थियो, "परमेश्वरले तिमीलाई सबै कुरा देखाइदिनुभएको छ र तिमी जस्तो चतुर र बुद्धिमान मानिस अरू छैन । यसकारण मेरो महलको अख्तियार चलाउने तिमी नै भयौ र तिम्रै आज्ञाअनुसार मेरो समस्त प्रजा चल्ने छ, केवल सिंहासनको सम्बन्धमा मात्र म तिमीभन्दा माथि हुनेछु (उत्पति ४१:३९-४०) ।"

नोआ तथा योसेफ आफूमा साधारण मानिस थिए तर उनीहरू परमेश्वरमा विश्वास गर्थे र उहाँमा विश्राम गर्थे । यसैकारण ती दुवै साधारण मानिसबाट असाधारण काम भयो ।

बाइबलका ठूला अगमवक्ता यशैया पनि यस तथ्यलाई जोड दिन्छन्, "परमप्रभु परमेश्वर इस्राएलका परमेश्वर चाहनुहुन्छ, पश्चात्ताप र विश्राममा तिमीहरूको उद्धार छ । मौन धारण र भरोसामा तिमीहरूलाई शक्ति मिल्दछ (यशैया ३०:१५) ।" यशैयाले पनि राष्ट्रलाई धक्का पर्ने किसिमका विशाल आश्चर्य काम गरेका थिए किनकि उनी परमेश्वरमाथि विश्वास गर्थे ।

हामी प्रभु येशूको रगतले किनिएका प्रत्येकको निमित्त प्रतिज्ञा र शक्ति प्राप्त भएको छ । शैतान, जो यस संसारका देव हो, त्यसले हाम्रो विचार, इच्छा, अनुभव अथवा हाम्रा मनमा निरन्तर आक्रमण गरिरहन्छ । अनेकौं चिन्ता, फिक्री, अविश्वास, शङ्का, डर, किसिम किसिमका तर्क वितर्कहरू हाम्रो मनमा हालिदिन्छ र परमेश्वरमाथि विश्वास गर्नमा बाधा पुऱ्याउँछ । धेरै अवस्थामा हामीले परमेश्वरमा विश्राम नलिएको कारण जीवनमा खलबल र गोलमाल पुऱ्याइरहेका हुन्छौं । हामीहरू आफ्नै कुरामा यति व्यस्त छौं कि हामीलाई प्रभु के भन्दै हुनुहुन्छ सो सुन्ने फुर्सद पनि हामीसँग हुँदैन ।

अहिले, यसै समय यो लेख, पढ्दै गर्दा पनि प्रभु येशू भन्नुहुन्छ, "हे सबै थाकेका र बोझले दबिएका हो, म कहाँ आओ, म तिमीहरूलाई विश्राम दिन्छु । मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि आफ्ना आत्मामा तिमीहरूले विश्राम पाउनेछौं । किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ (मत्ती ११:२८) ।"

## हार्दिक बधाई



भाद्र १८ गते/सेप्टेम्बर ३ तारिख आइतबार नेइम धापासी चर्चको सदस्य सुश्री **ज्योति पराजुली** र ख्रीष्ट गौरब चर्च, थानकोटको सदस्य श्री **रविन जङ्ग थापा**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **रविन जङ्ग** र **ज्योति थापा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



भाद्र २६ गते/सेप्टेम्बर ११ तारिख सोमबार नेइम गोंगबूँ चर्चको सदस्यहरू श्री **ललिक लामा** र सुश्री **सविता पाखिन**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **ललिक** र **सविता लामा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### विशेष प्रार्थना

कार्तिक/अक्टोबर महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा मण्डली सम्मेलन, युवा शिविरको लागि प्रार्थना गरिदिऔं

### अक्टोबर महिनाको कार्यक्रम

कार्तिक १ गते/अक्टोबर १८ तारिख बुधबार **महिला उपवास प्रार्थना** आ-आफ्नै चर्चमा ।

कार्तिक/अक्टोबर महिनामा **युवा शिविर** आ-आफ्नै चर्चमा

कार्तिक १२ गते/अक्टोबर २९ तारिख आइतबार **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको भेला** नेइम ललितपुर चर्चमा ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
| आश्विन २८ October 14 | डा. ज्याण्डल गिल्सन | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | एल्डर जोर वीर राई |
| कार्तिक ४ October 21 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर बिली | एल्डर पिटर लिम्बू | श्री सुरेन्द्र सापकोटा |
| कार्तिक ११ October 28 | पाष्टर सामुएल कार्थक | एल्डर गोपी राई | श्री कृष्ण तामाङ्ग | श्री राज गुरूङ्ग | डीकन मोहन श्रेष्ठ | एल्डर बि.एन.पण्डित | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर सिमोन खालिङ |
| कार्तिक १८ November 4 | एल्डर गोपी राई | डीकन लाक्पा लामा | श्री राज गुरूङ्ग | डीकन पेशल राई | एल्डर जमान घ्लान | एल्डर पिटर लिम्बू | एल्डर छोदेन कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च |

## विशेष् प्रार्थना

१. देशको आर्थिक, भौतिक, सामाजिक, राजनैतिक सबै क्षेत्रहरूको विकासको निम्ति प्रार्थना गरिदिऔं ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, लागु पदार्थ दुर्व्यशन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूका विरुद्धमा प्रार्थना गरौं ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं साथै येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

४. सेवा संगति, प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन् ।

५. संसारभर रेडियो, टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

६. पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठचारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

७. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

८. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि खीष्टमा बनिँदै साथै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

९. सम्पूर्ण मण्डलीका जवान साथै बाल बालिकाहरूको सम्पूर्ण क्षेत्रमा परमेश्वरबाटको आशिष् मागिदिऔं ।

१०. नेइमअन्तर्गतका मण्डलीहरूका निम्ति जग्गा किन्न र मण्डली भवन बनाउनका लागि समयमा नै रूपैंया पैसा जुट्न सकून् ।

११. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै खीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

## जानकारी



भाद्र २ गते/सेप्टेम्बर ९ तारिख शनिबार नेइम गोंगबूँ चर्चको एल्डर कर्ण बहादुर तामाङ्गलाई आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थकले पाष्टर अभिषेक गर्नुभयो ।

भाद्र ३१ गते/सेप्टेम्बर १६ तारिख शनिबार नेइम ललितपुर चर्चमा ९ जना विश्वासीहरूको समर्पण भयो ।



कपन बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती नैमनी राई ५८ वर्षको उमेरमा आश्विन ३ गते/सेप्टेम्बर १९ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २२ 8<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुसमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ३६:७-८,१०७:२० | २९ 15<br>देशका सबै जातिहरूले प्रभु येशू खीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | ५ 22<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:१९-२४ | १२ 29<br>खीष्ट प्रभुबाटको मुक्ति र सित्तैको उद्धारको सुसमाचार सुन्नुभएकाहरू साथै सुनी ग्रहण गर्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना ६:३५-४० |
| **सोमबार**<br>Monday | २३ 9<br>हामी सबैमा वचनप्रतिको भोक-तिर्खा जागेको होस् साथै पालन गर्ने कुरामा पनि आज्ञाकारी हुन सकौं ।<br>हितोपदेश ८:३२-३६ | ३० 16<br>मण्डलीका सबै विश्वासीहरू हर समय साथै सबै परिस्थितिहरू परमप्रभु परमेश्वरलाई आदर गर्नेहरू भई र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१४-२५ | ६ 23<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ कोरिन्थी ११:१, १ पत्रुस ५:१-४ | १३ 30<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यर्मिया ३१:१६-२० |
| **मंगलबार**<br>Tuesday | २४ 10<br>वचनको प्रकाशको निम्ति हाम्रो आत्मिक आँखा खोलिएको होस् ।<br>भजनसंग्रह ११९:१८,एफिसी १:१८ | ३१ 17<br>अधुरो परिवारमा रहेकाहरू साथै प्रभुको खातिर दुःख कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>हिब्रू २:१८, १२:१-३ | ७ 24<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यशैया ५७:१४-१९ | १४ 31<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>गन्ती ६:२४-२६, रोमी १६:१-४ |
| **बुधबार**<br>Wednesday | २५ 11<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | १ कार्तिक 18<br>मण्डलीअन्तर्गतका सबै युवा शिविरमा वचनको सेवकाइ गर्नुहुने साथै सहभागी सबैको लागि प्रार्थना गरिदिऔं ।<br>योएल २:२८-२९ | ८ 25<br>पवित्र आत्माको सहायतामा परिवार, मण्डली, समाजबीच प्रेममा जिउनेहरू हुन सकौं ।<br>रोमी १२:९-२१ | १५ November 1<br>नेइमअन्तर्गतका मण्डली तथा संगतिहरूमा निम्ति सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् ।<br>मत्ती ९:३५-३८ |
| **बिहीबार**<br>Thursday | २६ 12<br>हामीप्रति जस्तोसुकै परिस्थिति आए तापनि हामी देशका नागरिकको हैसियतले देशको निम्ति सधैं प्रार्थना गर्नेहरू हुन सकौं ।<br>भजनसंग्रह ३७:१-१३ | २ 19<br>नेइमअन्तर्गतका सम्पूर्ण मण्डलीहरूको आवश्यक जग्गा, भवन साथै रूपैंया पैसाको लागि प्रार्थना गरिदिऔं ।<br>हाग्गै २:१-९ | ९ 26<br>मण्डलीका पाको उमेरका सबै वृद्ध-वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४,४९:१५-१६ | १६ 2<br>सबै जवानहरूले आफ्नो सारा भरोसा परमेश्वरमा राखेर उहाँको महिमाको निम्ति जिउन सकून् ।<br>भ.सं.३२:८-९, यर्मिया २९:११-१३ |
| **शुक्रबार**<br>Friday | २७ 13<br>हामी विश्वासीहरूको परिवारमा पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>यहोशू २२:२९ | ३ 20<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८; २७:४ रोमी ८:२८ | १० 27<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | १७ 3<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं आत्माको तयारीमा आउन सकौं ।<br>यूहन्ना ४:२३-२४ |
| **शनिबार**<br>Saturday | २८ 14<br>प्रभुप्रति साथै मण्डलीप्रति समर्पणतामा हामी सबै मण्डलीका सदस्यहरू विश्वासयोग्य रहन सकौं ।<br>व्यवस्था २३:२३, उपदेशक ५:४-६ | ४ 21<br>हामी सबै एक मात्र सत्य जीवित पवित्र परमेश्वरको सधैं आराधना गरिरहन सकौं ।<br>भजनसंग्रह १४८:१-१३ | ११ 28<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह १:१-३, यशैया ३७:३१ | १८ 4<br>बाल संगतिका बालबालिकाहरू साथै शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना २१:१५, १ कोरिन्थी १५:५८ |

**तपाईंको राज्य अनन्तको राज्य हो, र तपाईंका प्रभुत्व पुस्तौं-पुस्तौंसम्म रहिरनेछ । परमप्रभु आफ्ना सबै प्रतिज्ञाहरूमा विश्वसनीय हुनुहुन्छ, र आफूले रचेका सबै थोकप्रति कृपामय हुनुहुन्छ ।**

**भजनसंग्रह १४५:१३**